# नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदामा बालअधिकार

## प्राप्त उपलब्धी तथा आवश्यक सुधार

संविधानमा बाल अधिकार अभियान
(बाल अधिकारकर्मी तथा सञ्जालहरूको सामुहिक अभियान)

समिक्षकः अधिवक्ता इन्दु तुलाधर र मिलन धरेल

भाषा सम्पादन : कृष्ण सुवेदी

प्रकाशन मिति : २०७२ असार २५

प्रकाशित संख्याः ४००० प्रति

छपाईः सिग्मा प्रेश, सानेपा ललितपूर

डिजाइन : सुवर्ण हुमागाई

# १. संविधान र बालअधिकार

संविधान राष्ट्रको मुल कानुन हो । संविधानबाट राज्यका गतिविधि, नियम कानुन तथा कार्यक्रमहरू निर्देशित हुन्छन् । अर्को अर्थमा संविधान राज्यका नागरिकहरूको साझा सहमतीको दस्तावेज हो, जहाँ नागरिकहरूले आफ्ना हक-अधिकार र राज्यको अख्तियारीको सिमाङ्कन गरेका हुन्छन् । संवैधानिक रूपमा अधिकारहरूको सुनिश्चितता गरिनाले व्यक्ति, समूदाय तथा समुहको राज्यसँगको प्रत्यक्ष सम्बन्ध स्थापित हुन्छ । बालबालिका राज्यका नागरिक हुन् र उनीहरूको राज्यसँग प्रत्यक्ष सम्बन्ध कायम रहेको हुन्छ । यो सवाललाई राजनीतिक रूपमा स्थापित गर्न संवैधानिक रूपमा उनीहरूको अधिकारको सुनिश्चितता हुनुपर्दछ । बालबालिकामा गरिने लगानी, उनीहरूको अधिकारको संरक्षण र सुनिश्चितताले सक्षम नागरिक उत्पादन र राष्ट्रिय विकासमा टेवा पुग्दछ । (बालबालिकामा लगानी किन भन्ने विषयमा यस पुस्तकको अनुसुचीमा उल्लेख गरिएको छ ।)

नेपाल मानवअधिकार तथा बालअधिकारको राष्ट्रियअन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष राष्ट्र भएका कारणले पनि बालबालिकाको आधारभुत मानवअधिकार र स्वतन्त्र पहिचानको सुनिश्चितता गर्नु यसको दायित्व हुन आउँछ । तसर्थ पहिलो संविधानसभाको निर्वाचन देखि नै नेपाली बालअधिकारका क्षेत्रमा क्रियाशील संघ-संस्था, सञ्जालहरू, नागरिकसमाज, स्वयं बालबालिका तथा बालअधिकारकर्मीहरूसमेतको सहभागितामा नेपालको संविधानमा

बालअधिकारका आधारभुत पक्षहरूलाई सम्बोधन गराउनका लागि देशव्यापि अभियानहरू सञ्चालन गरेको थियो । संविधानमा बालअधिकारका सवालहरूको माग गरिरहँदा नेपाली नागरिक समाजले बालअधिकार निम्न आधारभुत सैद्धान्तिक मान्यताहरूलाई आधार मानेको थियो :

- बालबालिकाको पहिचान र स्वतन्त्र अस्तित्वको प्रत्याभूतिका निमित्त राज्यविहीनता विरूद्धको हक
- राज्यका हरेक कानुनी संरचना, नीति, कार्ययोजना र कार्यक्रमहरूमा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता
- बालबालिकाको शारिरीक र मानसिक सम्पूर्णताको (इन्टिग्रिति) सम्मान र संरक्षण एवं बालमैत्री न्यायको सुनिश्चितता
- बालबालिकाको आधारभूत आवश्यकता र विकासका अवसरहरूमा समान हकको सुनिश्चितता
- बालबालिकालाई स्ततन्त्रतापूर्वक आफ्नो विचार निर्माण गर्ने, अभिव्यक्त गर्ने र सङ्गठित हुन पाउने हकको सुनिश्चितता

माथि उल्लेखित मूलभुत मान्यताहरूका आधारमा बालबालिकाको अधिकारका निमित्त क्रियाशील सघंसंस्था, सञ्जाल, बाल अधिकारकर्मी तथा स्वयं बालबालिकाहरूले संयुक्त रूपमा पहिलो संविधानसभाको निर्वाचनदेखि नै नेपालको संविधानमा बालबालिकाको अधिकारको प्रत्याभूति गर्न माग गर्दै आएका थिए ।

नेपालको संविधानसभामा संविधान मस्यौदा समितिले पेश गरेको प्रारम्भिक मस्यौदालाई आम जनतामाझ छलफलका लागि लैजान संविधानसभाको मिति २०७२ असार २२ गतेको बैठकले निर्णय गरेको छ । उक्त मस्यौदामा जम्मा ३७ भाग र २९७ धारा रहेका छन् । उक्त संविधानको मौलिक हक, राज्यको

नीति, नागरिकता, मानवअधिकार आयोग सम्बन्धी ब्यवस्थाहरू प्रत्येक्ष रूपमा बालबालिकाको अधिकारसित जोडिएको छ ।

नेपाली बालअधिकार समुदायले नेपालको संविधानमा बालअधिकारका निम्न प्रावधानहरू समावेश गर्नका लागि माग गरेको थियो :

**मौलिक अधिकार**

- बालबालिकाहरूलाई असर गर्ने विषयहरूमा बालबालिकाहरूको सर्वोत्तम हितलाई सबभन्दा बढी ध्यान दिने ।
- अन्तर्राष्ट्रिय मापदण्ड तथा नेपालको अन्तर्राष्ट्रिय दायित्व अनुरूप १८ वर्षको उमेरभन्दा मुनिका सबैलाई "बालबालिका" भनी परिभाषित गर्ने ।
- सम्पूर्ण बालबालिकाहरूको सहभागिताको अधिकारलाई सुरक्षित गर्ने ।
- जीवन, जीवन रक्षा र विकास (life, survival and development) को अधिकारलाई समावेश गर्ने ।
- खास गरी, बालबालिकाहरूमाथि लागू हुने गरी बिना भेदभाव (non-discrimination) को सिद्धान्तलाई समावेश गर्ने ।
- संविधानमा बालन्याय सम्बन्धी प्रावधानलाई समावेश गर्ने ।
- माध्यमिक तह र सोसम्मको शिक्षालाई निःशुल्क र अनिवार्य दुवै बनाउने ।
- अन्तरिम संविधानमा पहिले नै प्रत्याभूत गरिसकिएको जन्म र नामको अधिकारमा थप गरी जन्मका आधारमा राष्ट्रियता संरक्षणको व्यवस्था मिलाउने ।

- आवश्यकता बमोजिम पारिवारिक हेरचाह तथा वैकल्पिक हेरचाहको अधिकारलाई समावेश गर्ने ।
- अन्तरिम संविधानको धारा २२ मा उल्लेख भएका तर स्पष्ट नभएका अधिकारहरूमा आधारभूत स्वास्थ्य सेवा, पोषण, आवास तथा सामाजिक सेवामा पहुँचको अधिकारलाई समेत थप गर्ने ।
- दुर्व्यवहार, उपेक्षा, शोषण तथा हिंसा विरूद्ध संरक्षणको अधिकार सुनिश्चित गर्ने ।
- बालबालिकाहरूको फुर्सद, खेलकुद र संस्कृतिको अधिकारलाई समावेश गर्ने ।
- सुविधाबाट बञ्चित अथवा सीमान्तिकृत खास श्रेणीका बालबालिकाहरूका लागि राज्यद्वारा गरिनुपर्ने विशेष संरक्षण तथा सहयोगको प्रावधान राख्ने ।

**राज्यको निर्देशक सिद्धान्त र नीतिमा समावेश गर्नुपर्ने :**

- बालबालिकालाई प्रभावित गर्ने कुनै विषयमा निर्णय गर्दा उनीहरूको उच्चत्तम हितलाई प्राथमिकतामा राखिनेछ भन्ने व्यवस्था राख्ने ।
- बालबालिकालाई प्रभावित गर्ने हरेक विषयमा बालबालिकाको सुनुवाईको हकलाई उच्च प्राथमिकता दिइनेछ भन्ने व्यवस्था गर्ने ।

**संरचनागत/कार्यविधिगत अधिकार**

- सरकारका सबै तह अर्थात् राष्ट्रिय, सङ्घीय र स्थानीय तहमा बालअधिकारको संरक्षण र प्रवर्द्धन गरिन्छ भन्ने कुरा सुनिश्चित गर्नका निमित्त राज्यको नीतिमा यसलाई समावेश गर्ने । यसै अनुरूप, राज्यका नीतिहरूमाथि अदालती कारबाही हुन सक्दछ (कानुनी

कारबाहीका लागि योग्य हुन्छन्) भन्ने कुरा सुनिश्चित गर्नका लागि दायित्वको अभिबृद्धि गर्ने गरी नयाँ संविधानमा अन्तरिम संविधानको धारा ३६ (१) अथवा यस सम्बन्धी अन्य धारा हटाइनु पर्दछ ।

- अदालत, अर्ध-न्यायिक निकाय, विवाद समाधानका वैकल्पिक निकायको माध्यमबाट न्यायमा बालबालिकाहरूको पहुँच हुन सक्दछ ।, यदि यसो भएमा बालअधिकार अनुरूप कानुनी संरक्षणसहित बालमैत्री किसिमले बालबालिकाहरूप्रति व्यवहार गरिनेछ भन्ने कुरा सुनिश्चित गर्न न्यायिक दायित्व तथा आवश्यक न्यायिक संरचना समावेश गर्ने ।

- संविधानमा प्रत्याभूत गरिएका बालअधिकारको कार्यान्वयनका सम्बन्धमा राज्यले गरेको प्रगतिको अनुगमन गर्न छुट्टै संवैधानिक अङ्गका रूपमा स्थापित राष्ट्रिय मानवअधिकार आयोगमा बालअधिकार सम्बन्धी आयुक्तको (Child Rights Commissioner) व्यवस्थाका साथै बालअधिकार उल्लङ्घनको अनुगमन गर्ने कार्यमा राष्ट्रिय मानवअधिकार आयोगको भूमिकालाई विस्तार गर्नु पर्दछ ।

- बाल सहभागितालाई प्रोत्साहन गर्ने र यसका लगि आवश्यक आर्थिक सहयेग उपलब्ध गराउन राष्ट्रिय, संघीय तथा स्थानीय सरकारको संरचना बालमैत्री हुने कुराको सुनिश्चितता गर्ने ।

- नेपाल समेत सदस्य रहेको बालअधिकार सम्बन्धी महासन्धि (CRC) लगायतका अन्तर्राष्ट्रिय सन्धि तथा सम्झौताको कार्यान्वयनका लागि संवैधानिक प्रतिबद्धता व्यक्त गर्ने ।

# नेपालको संविधान, २०७२ को प्रारम्भिक मस्यौदामामा
## बालबालिकासित प्रत्यक्ष सम्बन्धित ब्यवस्थाहरू

### २.१ बालअधिकार सम्बन्धि स्वागतयोग्य ब्यवस्थाहरू

प्रस्तावित बालबालिका सम्बन्धी ब्यवस्थाले संवैधानिक रूपमानै राज्यका हरेक कानुनी संरचना, नीति, कार्ययोजना र कार्यक्रमहरूमा बालबालिकाको सर्वोत्तम हितको सुनिश्चितता, बालबालिकाको शारिरीक र मानशिक सम्पूर्णता (इन्टिग्रिटि) को सम्मान र संरक्षण तथा बालमैत्री न्यायको सुनिश्चितता, बालबालिकाको आधारभूत आवश्यकता र विकासका अवसरहरूमा समान हकको सुनिश्चितता, बालबालिकालाई स्ततन्त्रतापूर्वक आफ्नो विचार निर्माण गर्ने, अभिब्यक्त गर्ने र संगठित हुन पाउने हकको सुनिश्चिता गरेको छ । साथै यसले बालबालिकाको क्षेत्रमा राज्यको कार्यपालिकासित सम्बन्धित संयन्त्रहरूले गरेका कामकार्वाहिको वार्षिक प्रतिवेदन राष्ट्रपति तथा प्रधानमन्त्रिमार्फत जननिर्वाचित विधायिकि संसदमा पेश गर्ने ब्यवस्थालाई सुनिश्चित गरेर बालबालिकालगायत नेपाली जनताप्रति सरकारको उत्तर दायित्वलाई सुनिश्चित गरेको छ । जुन निम्न बमोजिम रहेका छन् ।

## भाग ३ : मौलिक हक तथा कर्तव्य

### धारा २५. न्याय सम्बन्धी हक को उपदफा १०

असमर्थ पक्षलाई कानुनबमोजिम नि:शुल्क कानुनी सहायता पाउने हक हुनेछ ।

**धारा २६ अपराध पीडितको हक :** (१)

(१) अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाही सम्बन्धी जानकारी पाउने हक हुनेछ ।

(२) अपराध पीडितलाई कानुनबमोजिम सामाजिक पुनर्स्थापना र क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा ३४. शोषण विरूद्धको हक :**

१. प्रत्येक व्यक्तिलाई शोषण विरूद्धको हक हुनेछ ।

२. धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न पाइने छैन ।

३. मानिसलाई बेचबिखन गर्न, दास वा बाँधा बनाउन पाइने छैन र त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ ।

४. कसैलाई पनि निजको इच्छा विरूद्ध काममा लगाउन पाइने छैन ।

तर यस उपधारामा उल्लिखित व्यवस्थाले सार्वजनिक प्रयोजनको लागि नागरिकलाई राज्यले अनिवार्य सेवामा लगाउन सक्ने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन ।

५. उपधारा (३) र (४) विपरितको कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई पीडकबाट कानुनबमोजिम मनासिब क्षतिपूर्ति पाउने हक हुनेछ ।

**धारा ३६. शिक्षा सम्बन्धी हक**

१. प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

२. प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

३. अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक हुनेछ ।

४. दृष्टिविहीन व्यक्तिलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

५. नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्न र कानुनबमोजिम विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ४०. स्वास्थ्य सम्बन्धी हक**

१. प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।

२. प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक हुनेछ ।

३. प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुनेछ ।

४. प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

**धारा ४४. बालबालिकाको हक :**

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन-पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ ।

३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बालसहभागिताको हक हुनेछ ।

४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

५. कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

८. प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक हुनेछ ।

९. असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबाालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

१०. उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

**धारा ४८. सामाजिक सुरक्षाको हकः**

आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

## भाग-४ राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व

**धारा ५५ : राज्यका नितिहरू**

**५५ (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धि निति**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, व्यावहारिक रोजगार मूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय

२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,

४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने,

५. नागरिकलाई स्वस्थ बनाउन राज्यले जनस्वास्थ्यको क्षेत्रमा आवश्यक लगानी अभिवृद्धि गर्दै जाने,

६. गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सरल र समान पहुँच सुनिश्चित गर्ने,

७. स्वास्थ्य क्षेत्रमा राज्यले लगानी अभिवृद्धि गर्दै यस क्षेत्रमा भएको निजी लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,

८. स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाउन स्वास्थ्य अनुसन्धानमा जोड दिंदै स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको संख्या अभिवृद्धि गर्दै जाने,

९. मुलुकको क्षमता र आवश्यकताका आधारमा जनसंख्या व्यवस्थापनका लागि परिवार नियोजनलाई प्रोत्साहित गर्दै मातृ शिशु मृत्युदर घटाई औसत आयु बढाउने,

१३. यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्ग अनुकूल बनाउने,

१४. नागरिकलाई स्वास्थ्य बीमा सुनिश्चित गर्दै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने ।

**घार ५५ : (झ) श्रम र रोजगार सम्बिन्धि निति**

(३) बालश्रम लगायत श्रम शोषणका सबै रूपहरूको अन्त्य गर्ने,

**घार ५५ : (ञ) सामाजिक न्याय र समावेशिकरण सम्बन्धि निति**

(ञ): (४) बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने,

५. बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिने,

१२. सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने

**घार ५६ : राज्यको दायित्व**

५६. नेपालको सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता र अखण्डता अक्षुण्ण राख्दै मौलिक हक तथा मानवअधिकारको संरक्षण र संवर्धन गर्ने, राज्यका

निर्देशक सिद्धान्तहरूको अनुसरण गर्ने तथा राज्यका नीतिहरूको क्रमशः कार्यान्वयन गर्दै जाने राज्यको दायित्व हुनेछ ।

**धार ५७ : प्रतिवेदन पेश गर्ने**

५७. यस भागमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व कार्यान्वयन गर्न नेपाल सरकारले गरेका काम र प्राप्त उपलब्धि सहितको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसदसमक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।

**धार ५८ : अनुगमन सम्बन्धि व्यवस्था**

५८. (१) यस भागमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको प्रगतिशील कार्यान्वयन भए नभएको अनुगमन गर्न संघीय संसदमा कानुनबमोजिम एक समिति रहनेछ ।

**२.२ प्रस्तावित प्रारम्भिक मस्यौदामा संशोधन गर्नु पर्ने तथा थप गर्नु पर्ने केही महत्वपूर्ण विषयहरू :**

- नागरिकता सम्बन्धी ब्यवस्था
- समानता सम्बन्धी हकअर्न्तगत भेदभावविरूद्धको हक
- क्षतिपुर्तिको हक
- मौलिक हकको कार्यान्वयन गर्ने सम्बन्धी ब्यवस्था
- बालअधिकार आयुक्तको ब्यवस्था
- बालबालिकालाई राजनितिक दल तथा सङ्गठनहरूबाट दुरूपयोग गरिने कार्यको निषेध

| धारा | प्रस्तावित ब्यवस्था | समस्या | शंसोधन वा थप गर्नुपर्ने प्रस्ताव |
|---|---|---|---|
| भाग २ नागरिकतासम्बन्धी ब्यवस्था | | | |
| धारा १२ | नागरिकता सम्बन्धी पारित भएको बुँदा<br>वंशजको आधारमा नागरिकता :<br>(१) नेपालमा स्थायी बसोबास भएको देहायबमोजिमको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ :<br>(क) कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा र बाबु नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्ति,<br>(ख) कुनै व्यक्तिको नेपालमा जन्म हुँदाका बखत निजको आमा वा बाबु मध्ये एक नेपाली नागरिक रहेकोमा नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुबै नेपाली नागरिक रहेछन् भने त्यस्तो व्यक्ति, | बालबालिकाको पहिचान, राष्ट्रियता, बाबु वा आमाको पहिचानको आधारमा नागरिकता र राष्ट्रिय पहिचानको अधिकार र राज्यविहीनता विरूद्धको अधिकार सुनिश्चित गर्ने सवाललाई सम्बोधन नगरिएको । | कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको आमा वा बाबु नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्तिले नेपालको वंशजको नागरिकता प्राप्त गर्नेछ । |
| | (२) उपधारा (१) बमोजिम वंशजको आधारमा नेपालको नागरिक ठहर्ने व्यक्ति र यो संविधान प्रारम्भ हुनुभन्दा अघि जन्मको आधारमा नेपालको नागरिकता प्राप्त गरेका नागरिकका सन्तानले निज बालिग भएपछि आमा वा बाबुको नामबाट वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ । | | |

| | | |
|---|---|---|
| | (३) आमा बाबुको ठेगान नभएको नेपालभित्र फेला परेको प्रत्येक नाबालिग निजको आमा वा बाबु पत्ता नलागेसम्म वंशजको आधारमा नेपाली नागरिक मानिनेछ । | |
| | (४) नेपाली नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान नभएको व्यक्तिलाई वंशजको आधारमा नागरिकता प्रदान गरिनेछ ।<br>तर *बाबु विदेशी नागरिक भएको प्रमाणित भएमा* त्यस्तो व्यक्तिको नागरिकता कानुनबमोजिम अङ्गीकृत नागरिकतामा परिणत हुनेछ । | |
| | अङ्गीकृत नागरिकता सम्बन्धी व्यवस्था : | |
| धारा १३ | (१) यो संविधान प्रारम्भ भएपछि नेपाली नागरिकसँग विवाह गर्ने विदेशी पुरूषले वैवाहिक अङ्गीकृत नागरिकता लिन चाहेमा नेपालमा पन्ध्र वर्ष स्थायी बसोबास गरी विदेशको नागरिकता परित्याग गर्ने कारबाही चलाएमा कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । | |
| | (२) नेपाली नागरिकसँग विवाह गर्ने विदेशी महिलाले नेपालको नागरिकता लिन चाहेमा निजले विदेशको नागरिकता परित्याग गर्ने कारबाही चलाएपछि कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । | |

| | | | |
|---|---|---|---|
| | (३) विदेशी नागरिकसँग विवाह भएको नेपाली नागरिकबाट नेपालमा जन्म भई नेपालमा नै स्थायी बसोबास गरेको र विदेशी मुलुकको नागरिकता प्राप्त नगरेको स्वयं घोषणा गर्ने व्यक्तिले कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्नेछ । | | |

| भाग ३ मौलिक हक र कर्तव्य | | | |
|---|---|---|---|
| धारा २३ | २३ <u>समानताको हक</u><br>(१) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षण र लाभबाट वञ्चित गरिने छैन । | बालबालिकाहरूप्रति लक्षित भेदभावका खास कारणहरूलाई पनि छुट्टै प्रावधानका साथ सम्बोधन गरिनु पर्दछ जस्तै आमा, बाबु, कानुनत अधिकार प्राप्त अभिभावकको विभिन्न हैसियतका आधारमा गरिने विभेद । बाल अधिकार सम्बन्धी महासन्धिको धारा २ मा यस आधारभूत सिद्धान्तलाई समावेश गरिएको छ । यस अधिकार बिना, बालबालिकाहरूका लागि प्रत्याभूत गरिएका अन्य अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिँदैन । | बालबालिकालाई निजको आमा, बाबु, कानुनत अधिकार प्राप्त अभिभावक तथा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन भन्ने व्यवस्था थप गर्नुपर्ने । |
| | (२) सामान्य कानुनको प्रयोगमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन । | | |

| | | | |
|---|---|---|---|
| | (३) राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, यौनिक अभिमुखीकरण, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, उत्पत्ति, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।<br>तर आर्थिक रूपले विपन्न, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, जनजाति, खस आर्य, मधेशी, थारू, किसान, मजदूर, उत्पीडित वर्ग, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, लोपोन्मुख समुदाय, युवा, बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, अशक्त वा असहाय र पिछडिएको क्षेत्रको नागरिकको संरक्षण, सशक्तीकरण वा विकासको लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।<br>स्पष्टीकरण : यस भाग र भाग ४ को प्रयोजनका लागि "आर्थिक रूपले विपन्न" भन्नाले गरिबीको रेखाभन्दा मुनि रहेका नागरिक सम्झनु पर्छ । | | |

| | | | |
|---|---|---|---|
| घारा ४४ | ४४. <u>बालबालिकाको हक</u> :<br>(१०) उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानुन बमो जिम  दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । | पिडक उपस्थित नभएको अवस्थामा वा पिडकबाट उचित क्षतिपुर्ति दिन नसक्ने अवस्थाको रहेछ भने पीडित बालबालिकाले उचित क्षतिपुर्ति, पुनर्स्थापना र परिपुरणको ब्यवस्था यसमा गरिएको छैन । | उपधारा (४), (५), (६) र (७) विपरीत कार्य कानुन बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । यदि पीडक क्षतिपुर्ति दिन सक्ने अवस्थामा नरहेमा त्यस्तो स्थितिमा बालबालिकाले राज्यबाट उचित क्षतिपुर्ति, संरक्षण, पुर्नस्थापना र परिपुरणको हक हुनेछ । |
| | (७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । | यातना भन्ने सब्दले दण्ड सजायलाई नबुझाउने र यसले अन्तर्राष्ट्रिय कानुन लगायत विभिन्न मानव अधिकार सम्बन्धी दस्तावेजमा छुट्टै विशेष अर्थ लाग्ने गरि ब्याख्या गरेको हुनाले यस धाराको प्रयोजनका निमित्त यातना भन्ने शब्दले दण्ड सजाय समेट्न नसक्ने देखिन आएकोले यसलाई शंसोधन गर्न आवश्यक देखिएको । | कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक यातना वा अन्य कुनै किसिमको दण्ड सजाय  दिन पाइने छैन । |

| संवैधानिक उपचारको हक र मौलिक हकको कार्यान्वयन : | | | |
|---|---|---|---|
| घारा ५१ | ५१. संवैधानिक उपचारको हक र मौलिक हकको कार्यान्वयन :<br>(१) यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३७ वा १४८ मा लेखिए बमोजिम उपचार पाउने हक सुरक्षित गरिएको छ ।<br><br>(२) यस भागद्वारा प्रदत्त हकहरूको कार्यान्वयनका लागि आवश्यकता अनुसार राज्यले यो संविधान प्रारम्भ भएको तीन वर्षभित्र कानुनी व्यवस्था गर्नेछ । | प्रस्तावित ब्यवस्थाले मौलिक हकको कार्यान्वयन र संवैधानिक उपचारको हकको ब्यवस्था प्रष्ट रूपमा उल्लेख गरेको छैन । यस प्रावधानले बाल अधिकार लगायत आर्थिक, सामाजिक, तथा साँस्कृतिक अधिकार मात्र नभई राजनैतिक र नागरिक अधिकार उपभोगमा समेतको प्रभावकारी उपचारका लागि रिटको माध्यमद्धारा सर्वोच्च अदालत तथवा अन्य अदालतद्धारा न्यायिक उपचारको प्रभावकारितामाथि नै प्रश्न उठाएको अवस्था छ । यसको असर बालबालिकाको उक्त अधिकार प्रचलन गर्ने सवालमा कानुन नबनेसम्म प्रभावित हुने अवस्था एकातिर छ भने अर्कोतिर माथि उल्लेखित सामाजिक तथा साँस्कृतिक अधिकारको हनन् भएको अवस्थामा तत्काल उक्त हकको प्रचलनका निमित्त उपचार पाउने मौलिक हकवाट बञ्चित गरेको छ । | अतः धारा ५१ को उपधारा २ लाई हटाउने । |

| भाग-२४ : राष्ट्रिय मानव अधिकार आयोग | | | |
| --- | --- | --- | --- |
| धारा २४७. | प्रस्तावित राष्ट्रिय मानव अधिकार आयोग :<br>(१) नेपालमा एक राष्ट्रिय मानव अधिकार आयोग रहनेछ जसमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :<br><br>(ख) मानव अधिकारको संरक्षण र संवर्द्धन, बालबालिकाको हकहितको क्षेत्रमा कार्यरत वा राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चार जना -सदस्य | सरकारको दायित्व सुनिश्चित गर्न र संविधानद्वारा प्रत्याभूत गरिएका बाल अधिकारहरूको संरक्षण भए/नभएको कुराको अनुगमनका लागि अझ बढी स्पष्ट भूमिकाको आवश्यकता पर्न सक्दछ । यो काम राष्ट्रिय मानव अधिकार आयोगको भूमिकालाई अझ विस्तार गरेर अथवा बाल अधिकार आयुक्तको नियुक्ति गरेर गर्न सकिन्छ । तिनलाई बाल अधिकारका उल्लङ्घनहरूको छानबिन गर्ने र नेपालमा बाल अधिकारको अवस्था तथा उनीहरूप्रतिको दायित्व पूरा गर्ने सन्दर्भमा सरकारबाट भएका प्रगति सम्बन्धी वार्षिक प्रतिवेदन जारी गर्ने अधिकार प्रदान गरिनु पर्दछ । बालबालिकाका अधिकारहरूको प्रायः बेवास्ता गरिन्छ र बालबालिकाहरूको हितमा हानि पुग्ने गरी तिनका अधिकार हरूलाई सीमान्तीकृत वा सुविधाबाट वञ्चित अन्य समूहका अधिकारहरूमा मिसाइन्छ । त्यसकारण बालबालिकाहरूको अधिकारमाथि पूर्ण रूपमा केन्द्रित हुनका लागि राष्ट्रिय मानव अधिकार आयोग अन्तर्गत बाल अधिका आयुक्तको ब्यवस्था गर्नु उपयुक्त हुनेछ । | बाल अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोगको संरचनामा एक स्वतन्त्र बाल अधिकार आयुक्तको व्यवस्था हुनेछ । |

# अनुसुचि १ : बालबालिकामा लगानी किन ?

संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिलाई अनुमोदन गरेका राष्ट्रहरूले यस महासन्धिमा ब्यवस्था भएका बालबालिकाको अधिकार सुनिश्चित गर्न आफ्नो देशमा उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गरी बालबालिकाको अधिकारको पूर्तिका लागि प्रमुख उत्तरदायीपूर्ण भूमिका निर्वाह गर्ने प्रतिवद्धता ब्यक्त गरेका छन् ।

यी राष्ट्रहरूले आफूले गरेको प्रतिवद्धता अनुरूप बालबालिकाको अधिकार सुनिश्चित गर्नका निमित्त आवश्यक परेको खण्डमा अन्तर्राष्ट्रिय सहयोगको परिचालनबाट यस्ता उपायहरू अपनाउन सक्नेछन् । यस सन्धिका पक्ष राष्ट्रहरू बालअधिकार परिपूर्तिका निमित्त सन्धिको मुख्य जिम्मेवार पक्ष भएकाले गर्दा यसका लागि सक्षम र सबल वातावरण निर्माण गर्ने जिम्मेवार र उत्तरदायिपूर्ण भूमिका पनि उसैले निर्वाह गर्नुपर्ने हुन्छ ।

यसका निमित्त, बालअधिकारको स्थानीय अवस्थाको उचित विश्लेषण गरी स्थानीय आवश्यकता र अवस्था हेरी, सो अवस्थालाई सम्वोधन गर्न बालअधिकारको परिपूर्तिमा आधारित बालमैत्री नीति तथा कार्ययोजना

मार्फतयसको उच्चतम बृद्धि गर्न सकिन्छ । यस सन्दर्भमा, राज्यले बालबालिकामा किन लगानी गर्नुपर्छ भन्ने विषयमा कम्तिमा तीनवटा महत्वपूर्ण तर्कहरू रहेका छन् : अधिकारमा आधारित विचार वा मान्यता मुख्यतया संयुक्त राष्ट्रसंघीय बालअधिकार सम्बन्धी महासन्धिको धारा ४ मा आधारित रहेको छ । महासन्धिमा हस्ताक्षर गर्ने मुलुकहरूले यसको मापदण्डलाई आत्मसात गर्दै स्थानीय स्तरमा उपलब्ध स्रोत र साधनको हदैसम्म उपयोग गरी आवश्यक परेको खण्डमा अन्तर्राष्ट्रिय सहयोगको संरचनाभित्र रही बालबालिकाको सामाजिक तथा आर्थिक अधिकारको परिपूर्ति गर्नु पर्दछ भन्ने रहेको छ । आर्थिक विचारसित सम्बन्धित मान्यताले बालअधिकार सम्बन्धी महासन्धि अनुमोदन गर्ने मुलुकहरूले महासन्धिमा ब्यवस्था गरिएको अधिकार ब्यवहारमा सुनिश्चित गर्न गर्नुपर्ने कार्यसम्पादनको लागि राष्ट्रको मानवपूँजीमा लगानी गर्नुपर्ने आवश्यकतालाई औल्याउँदछ ।

राजनीतिक तथा सामाजिक विचारले अपर्याप्त सामाजिक लगानी, असमानताको उच्च दर तथा चरम गरीबीले कसरी सामाजिक संगति वा सद्भावलाई कमजोर तुल्याउँछ भन्ने विषयको व्याख्या गर्दछ । विशेष गरी बालमैत्री नीति तथा कार्यक्रमहरूमा लगानिले विशेष गरी विश्वव्यापी मानक अनुसारको गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, पोषण, खानेपानी तथा सरसफाइको बृद्धि गर्ने किसिमका क्रियाकलापहरूलाई प्रोत्साहित तथा विस्तारित गर्दछ । सामाजिक क्षेत्रमा गरिने लगानीको मूल उद्देश्य भनेको व्यक्तिहरूको उत्पादनशील क्षमतालाई बढाउनु हो । यसले उपलब्ध अवसरलाई फराकिलो पार्दै उनीहरूको उत्पादनशील क्षमता र आम्दानीको सम्भावनामा बृद्धि ल्याउँछ जसले अन्ततः उनीहरूको (जीवन) स्तरमा सुधार ल्याउँछ (बेकर, १९९३, मार्कस समेत, २०११) । यस अर्थमा यहाँ सामाजिक र आर्थिक नीतिहरू महत्वपूर्ण रूपले परिपूरक छन् जहाँ सामाजिक लगानीले विकास तथा उत्पानदशीलतालाई सहयोग गर्दछ । शिक्षित, योग्य तथा स्वस्थ कामदारहरूले आर्थिक बृद्धिमा उचित योगदानदिन सक्तछन् जब उनीहरूले तीव्र रूपले परिवर्तन भइरहेको आर्थिक वातावरणले

मागेको शीप तथा ज्ञानलाई आत्मसात गर्दछन् । वाल्यावस्थामा विकसित क्षमताले युवावस्थामा आउने परिणामलाई महत्वपूर्ण योगदान दिन्छ । त्यसैले वाल्यावस्थामा गरिएको लगानीले सुसज्जित जनशक्तिबाट उच्चतम आर्थिक प्रतिफल प्राप्त हुन सक्दछ । साथै, यसले वेरोजगारी र विरामीपनबाट उत्पन्न हुने सामाजिक लगानीलाई कम गर्दछ जसको फलस्वरूप उच्चतम सामाजिक प्रतिफल प्राप्त हुन्छ (विश्व वैंक, २०१०) अपर्याप्त सामाजिक लगानी, असमानताको उच्च दर र चरम गरीबीले लोकतन्त्रको विकास तथा सुदृढीकरणमा बाधा पुऱ्याई सामाजिक सङ्गति तथा सद्भावनामा खलल पुऱ्याउँछ । सामाजिक बञ्चितिले लोकतान्त्रिक जीवनको अत्यावश्यक मूल्यको रूपमा रहेका सहभागिता र एकतामा कमि ल्याउँछ । अर्कोतिर, सामाजिक लगानी र दीर्घकालीन मानव विकासले जनसंख्याको ठूलो हिस्साको लागि अवसरको दायरा फराकिलो बनाउँछ जसले सामाजिक गतिशीलता र स्थिर सामाजिक एकताको प्रक्रिया सिर्जना हुने माध्यमलाई खुला गर्दछ (मार्कस समेत, २०११) । विशेष रूपले भन्ने हो भने आफ्ना बालबालिकाको सुरक्षा तथा हेरचाहका लागि कानुनी रूपमा प्रतिबद्ध र उत्तरदायी हुने समाजले सबै नागरिकलाई असल शासनको प्रत्याभूति गर्न सक्तछ, जसको फलस्वरूप सामाजिक एकताको सुदृढिकरण र समताको बृद्धि गर्न मद्दत गर्दछ ।